# तानसेन नगरपालिका
# तानसेन नगरकार्यपालिकाको कार्यालय, पाल्पाको

## ढुङ्गा, गिट्टी, बालूवा ठेक्का सम्वन्धि बोलपत्र/दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०८।०७)

तानसेन नगरपालिका क्षेत्र भित्र पर्ने कालीगण्डकी नदी र तिनाउ खोला क्षेत्रमा पर्ने तल उल्लेखित विभिन्न घाट तथा बगरहरुबाट स्वीकृत IEE प्रतिवेदन भित्र रही आ.व. २०७५/०७६ को बाँकी अवधिका लागि न्यूनतम कबोल अङ्कमा बढाबढ हुने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) को (च) तथा प्रदेश सरकार प्रदेश नं. ५ बाट स्वीकृत नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७ उपदफा (२) एवं नगरकार्यपालिकाको मिति २०७५।०६।२५ को निर्णयानुसार यो वोलपत्र/दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य ईच्छुक दर्तावाला फर्म/कम्पनीहरुले बोलपत्र/दरभाउपत्र फारम खरिद गरी आवश्यक कागजात सहित तपसिलको शर्तहरुको अधिनमा रही वोलपत्र/दरभाउपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

### शर्तहरु :

१. वोलपत्र/दरभाउपत्र चाहने फर्म/कम्पनीले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएका दस्तुर तिरी वोलपत्र/दरभाउपत्र फारम खरिद गर्न सकिने छ ।

२. वोलपत्र/दरभाउपत्र फारम खरिद गर्ने मिति : सुचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १५औं र वोलपत्रको हकमा ३०औं दिनको कार्यालय समय भित्र ।

३. सिलवन्दी वोलपत्र/दरभाउपत्र दाखिल गर्ने मिति : आ.व. २०७५/०७६ सम्मका लागि नवीकरण भएको फर्म/कम्पनीको ईजाजत पत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण पत्र, २०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी साथ खरीद भएको दरभाउपत्र/वोलपत्र सुचना प्रकाशन भएको मितिले दरभाउत्रको हकमा १६औं दिनको १२ बजे सम्म र वोलपत्रको हकमा ३१औं दिनको १२ बजे सम्म । उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट सोही समय भित्र रितपूर्वक पेश गर्नु पर्नेछ ।

४. वोलपत्र/दरभाउपत्र खोल्ने समय : दरभाउपत्रको हकमा १६औं दिनको २ बजे दरभाउपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ र वोलपत्रको हकमा ३१औं दिनको २ बजे वोलपत्रदाता र कार्यालय प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्र/दरभाउपत्रदाता उपस्थित नभएमा पनि वोलपत्र/दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

५. प्राप्त सिलवन्दी वोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६. ठेक्का स्विकृत भएमा पट्टा लिनु अगावै ठेक अकंको ५०% रकम अग्रीम बुझाउनु पर्नेछ र बाँकी ५०% रकमको लागि नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको जमानी पत्र (परफरमेन्स वण्ड) मिति २०७६ साल कार्तिक महिना सम्म म्याद भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ ।

७. ठेक्का स्विकृत भै सम्झौता भए पश्चात चलन चल्ती गर्ने जिम्मा ठेकेदारको हुनेछ ।

८. तोकिएको दर प्रति क्यु. फुट रु.३।०० (मू.अ.कर बाहेक) बाहेक अन्य प्रकारको कर लिन पाइने छैन ।

९. ठेक्काको उठाउने दरको विवरण घाटगद्दी तरिका, संकलन तथा उत्खनन् विधि सम्झौता पत्रमा समावेश गरिनेछ ।

१०. प्रदेश सरकारबाट जारी नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को अनुसूची (३) मा उल्लेखित मापदण्डको पूर्ण पालना गर्नु पर्नेछ ।

११. उठाउने तरिका : नगरपालिकाले तोकेको स्थानमा उठाउने, करको दरको विवरण सबैले देख्ने गरी होर्डिङ वोर्ड राखेर मात्र कर असूल गर्नु पर्नेछ । कर रकम लिएपछि सम्बन्धित करदातालाई नगरपालिकाबाट प्रमाणित गरिएको रसिद अनिवार्य रुपमा सम्वन्धितलाई दिनुपर्नेछ ।

१२. नगरपालिकाबाट लगाइएका आन्तरिक आय ठेक्कामा ठेक्का स्वीकृत भै भोगचलन गरेपछि कुनै पनि किसिमको मिनाहा छुट दिइने छैन ।

Scanned by CamScanner

१३. ठेक्का अवधि कार्यादिश पाएको मिति देखि २०७६ साल आषाढ मसान्तसम्मको लागि मात्र हुने छ ।

१४. ठेक्का स्वीकृत भएका ठेकेदारले ठेक्का सम्झौता गर्नु अगावै पेश गर्नु पर्ने बैंक जमानत वा अन्य कागजातहरु तोकिएको समय भित्र पेश नगरेमा निजको नामको ठेक्का तोडी क्रमश: दोश्रो, तेश्रो क्रमका बोलपत्रदातालाई ठेक्का सम्झौता गराईनेछ ।

१५. ठेक अंक रकम एकमुष्ठ अग्रिम बुझाएमा ५% छुट दिईनेछ तर सो छुट दिदा ठेक अंकको न्युनतम रकम भन्दा कम हुने गरि घटाईने छैन ।

१६. ठेक्का सम्झौता गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने रकम धरौटी वापत रा.बा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता न. ३०३०३०३००७१०२ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्ने छ ।

१७. विस्तृत जानकारीको लागि कार्यालय समय भित्र तानसेन नगरकार्यपालिका कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको विवरण (घाट क्षेत्र) | अधिकतम उत्खनन गर्ने परिमाण | न्युनतम ठेक अंक (भ्याट वाहेक) रु. | बोलपत्र/दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| IR 03/075/076 | तिनाउ खोला सिमलघाट बगर १,५६,६४८(क्यु फूट) र अम्लिहान पुल देखि माथि लालपाटी तलसम्मको बगर २३,५८९ (क्यु फूट) | १,८०,२३७ (क्यु फूट) | ५,४०,७११।०० | रु. १०००।०० दरभाउपत्र |
| IR 04/075/076 | कालीगण्डकी नदीको सिदुर्दीघाट १,३४,४०१ (क्यु फूट), बेलघारीघाट २,५५,८४२ (क्यु फूट) र सपलक बगर १,४०,४७५ (क्यु फूट) | ५,३०,७१८ (क्यु फूट) | १५,९२,१५४।०० | रु. १०००।०० दरभाउपत्र |
| IR 05/075/076 | कालीगण्डकी नदीको छतिवन बगर १,५७,६०१ (क्यु फूट), जल्दिभिर ७२,०३८ (क्यु फूट), दुमैघाट १,८२,७४४ (क्यु फूट) र अर्तुङ्गा बगर ४,३२,०१९ (क्यु फूट) | ८,४४,४०२ (क्यु फूट) | २५,३३,२०६।०० | रु. ३०००।०० वोलपत्र |

प्रमुख प्रशासकीय अधिकृत
तानसेन नगरपालिका

Scanned by CamScanner